IDeS
Dadeldhura, Nepal

# एकिकृत विकास समाज, डडेल्धुराको

# अनुगमन तथा मुल्यांकन निर्देशिका २०७०

*तयार गर्ने*


एकिकृत विकास समाज
अमरगढी नगरपालीका वार्ड नं. ५
बागबजार , डडेल्धुरा
सम्पर्क फोनं. ०९६४२०१७९ र ४२०३९९
email :- idesddl@gmail.com
website- www.ides.org.np

**पृष्ठभुमी :**

एकिकृत विकास समाज डडेल्धुरा जिल्लाका सबै गा.बि.स.तथा नगरपालीका मा विभिन्न परियोजना तथा कार्यक्रमहरु संञ्चालन गरिरहेको छ। संस्थाको लक्ष्य, उद्देश्य तथा परिकल्पना अनुसार कार्य सम्पादन भैरहेको छ छैन तथा कार्यक्रम तथा परियोजनाको लक्ष अनुरुप कार्य सम्पादन भैरहेको छ छैन भनी मापन गर्ने उद्देश्यले एकिृत विकास समाज,डडेल्धुराको अनुगमन तथा मुल्यांकन निर्देशिका २०७० तयार गरिएको हो।

**उद्देश्यहरु**

- परियोजना तथा कार्यक्रम पुर्वको अवस्थाको बारेमा जानकारी लिन दिन।
- कार्यसम्पादनको बारेमा जानकारी लिन दिन।
- संस्थाको लक्ष्य, उद्देश्य तथा परिकल्पना अनुसार कार्य सम्पादन भैरहेको छ छैन मापन गर्न।
- कार्यक्रम तथा परियोजनाको लक्ष अनुरुप कार्य सम्पादन भैरहेको छ छैन भनी मापन गर्न।

**अनुगमन तथा मुल्यांकन का तहहरु**

- ➢ कार्यसमिती तहमा
- ➢ कार्यक्रम तथा परियोजना तहमा
- ➢ क्रियाक्लाप तहमा

**कार्यसमिती तहमा**

संस्थाको सबै भन्दा माथिल्लो तहको अनुगमन तथा मुल्यांकन कार्यसमिती तहमा गरिनेछ। संस्था मार्फत संञ्चालन भएका र भैरहेका विभिन्न कार्यक्रम तथा परियोजनाको अनुगमन तथा मुल्यांकन कार्य समिती ले गर्ने छ। यो तहमा अनुगमन तथा मुल्यांकन कार्य मा जिल्ला स्तरीय सरोकारवालाहरुको पनि संलग्नता रहनेछ।

**कार्यसमिती तहमा अनुगमन तथा मुल्यांकन गर्दा सम्पन्न गरिने क्रियाक्लापहरु**

- o जिल्ला योजना सल्लाहकार समिती संग बैठक तथा स्थलगत भ्रमण।
- o त्रैमासिक फिल्ड भ्रमण।
- o विभिन्न परियोजना तथा कार्यक्रमहरुको प्रतिवेदन अध्ययन।
- o त्रैमासीक रुपमा कार्यसमितीको बैठक तथा समिक्षा।
- o विभिन्न क्षेत्रमा फेला परेका तथ्यहरुको प्रमाणीकरण तथा पृष्टपोषण दिने।
- o आधारभुत सर्वे र अन्तिम सर्वेक्षण तथा सर्वेक्षण प्रतिवेदनको अध्ययन।

**कार्यक्रम तथा परियोजना तहमा**

संस्थाको दोश्रो तहको अनुगमन तथा मुल्यांकन कार्यक्रम तथा परियोजना तहमा हुनेछ , यो तहको अनुगमन तथा मुल्यांकन परियोजना तथा कार्यक्रमको श्रोत व्यक्ति अर्थात परियोजना संयोजक तथा कार्यक्रम संयोजक मार्फत गरिनेछ। यस अनुगमन तथा मुल्यांकनमा कार्ययोजना वमोजिमको कार्य सम्पादन तथा सम्पन्न भएका कार्यको गुणस्तरहरु अनुगमन गरिनेछ।

**कार्यक्रम तथा परियोजना तहमा अनुगमन तथा मुल्यांकन गर्दा सम्पन्न गरिने क्रियाक्लापहरु**

- मासिक स्थलगत भ्रमण ।
- समुदाय तथा गा.बि.स.स्तरका कर्मचारी संग मासिक बैठक ।
- लाभान्वित बर्गहरु संग प्रत्यक्ष कुराकानी ।
- संञ्चार अनुगमन ।
- छड्के जाँच ।
- मासिक संस्थागत बैठक ।

**क्रियाक्लाप तहमा**

संस्थाको अन्तिम तथा तेश्रो तहमा गरिने अनुगमन क्रियाक्लाप तहमा गरिनेछ । हरेक क्रियाक्लाप समपन्न भए पश्चात उक्त क्रियाक्लापको लक्ष, उदेश्य अनुरुप भयो वा भएन भनि अनुगमन गरिनेछ । लाभान्वीत हरुलाई फाईदा पुग्यो वा पुगेन ? यो अनुगमनको मुख्य उद्देश्य हुने छ ।

**क्रियाक्लाप तहमा अनुगमन तथा मुल्यांकन गर्दा सम्पन्न गरिने क्रियाक्लापहरु**

- क्रियाक्लाप प्रतिवेदनको प्रमाणीकरण ।
- लक्षित समुह छलफल कार्यक्रम ।
- घरधुरी भ्रमण ।
- सार्वजनिक लेखा परिक्षण
- कार्ययोजना तथा कार्यसम्पादन

धन्यवाद